# बूढानीलकण्ठ नगरपालिका

वूढानीलकण्ठ नगरपालिका एउटा प्रशिद्ध धार्मिक सम्पदाको नामबाट नामाकरण भएको देशकै महत्वपुर्ण स्थानीय सरकार हो । नेपालको राजधानी काठमाण्डौका ११ वटा नगरपालिका मध्ये (महानगर बाहेक) जनसंख्याको आधारमा सबैभन्दा ठुलो यस नगरपालिका उत्तर तर्फ नुवाकोट जिल्लाको गाउँपालिका सँग जोडिएको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, दक्षिणमा काठमाण्डौ महानगरको वडा नं ३, ४, ६, ७ र टोखा नगरपालिकाको वडा-४ धापासी रहेको छ । त्यस्तै, पश्चिम तर्फ टोखा नगरपालिका पर्दछ । पुर्व तर्फ गोकर्णेश्वर नगरपालिका र का.म.न.पा वडा नं ६ सँग जोडिएको छ । साविकका चपली भद्रकाली, विष्णु वूढानीलकण्ठ, खड्का भद्रकाली, महांकाल, चुनिखेल र कपन गरी ६ गा.वि.स मिलेर वनेको यस नगरपालिकामा वि.सं २०६८ को तथ्याङ्क अनुसार १,०७,९१८ जनसंख्या रहेको र हाल करीब २ लाख जनसंख्या बसोबास गर्दछन् । आवासीय क्षेत्र धेरै रहेको यस नगरलाई १३ वडामा विभाजन गरिएको छ ।



उत्तर तर्फ शिवपुरी पर्वत श्रृखंला, हरियाली जंगल करीब ३ कि.मी दुरीमा फैलिएको भिराला भुभाग रहेको छ । दक्षिण तर्फ समथर उर्वर भुभाग रहेकोमा धेरै ठाउँ वाक्लो वस्तीले ढाकेको र केहि खाली क्षेत्रहरुमा समेत क्रमश नयाँ वस्तीहरु निर्माण हुने क्रममा रहेको छ । यस क्षेत्रवाट विष्णुमती, रुद्रमती, धोविखोला, यज्ञमती जस्ता नदी खोलाहरू बगेर गएका छन् । विचका केहि भागहरुमा सार्वजनिक सामुदायिक जगंलहरु र सार्वजनिक जग्गामा रहेका परम्परागत हरियाली क्षेत्र समेत रहेका छन् ।

यस नगरपालिका भित्र प्रसिद्ध वूढानीलकण्ठ मन्दिर, चण्डेश्वरी मन्दिर, रुद्रेश्वर, भद्रकाली, पञ्चकन्या, शिव , कृष्ण जस्ता देवदेविका मन्दीरहरू रहेका छन् । वौद्ध मार्गीहरुका चर्चित आनीगुम्बा लगायत वौद्ध मठहरु रहेका छन् । त्यस्तै, विभिन्न धर्मावलम्बीहरुका आस्थाका केन्द्रहरु समेत रहेका छन् ।




निर्वाचन पश्चात गठन भएको नगर कार्यपालिकाले जनतालाई असल शासन दिने आफ्नो नीति अनुरुप पहिलो बैठक बाट निर्णय गराई हाल संयुक्त स्थानमा संचालनमा रहेका वडा कार्यालयहरुलाई यहि श्रावण १ गते बाट जनतालाई पाएक पर्ने  छुट्टा छुट्टै स्थानमा १३ वटा वडा कार्यालय स्थापना गरी सेवा प्रवाह गराउन प्रयत्न गरेका छौं।

**विद्यमान अवस्थाको समिक्षा:-** केही फोटो हरु

- योजना निर्माणमा स्थानीय आवश्यकता , राष्ट्रिय लक्ष्य र उद्धेश्य अनुरुप हुन नसक्दा दिगो विकास र समृद्धीको दिशा निर्दिष्ट गर्न नसकिएको।
- भौतिक पुर्वाधार निर्माण , सडक सञ्जालको गुरुयोजना र मापदण्ड वारे भर्खर मात्र छलफल शुरु भएको।
- मानिसको जीवनसँग अत्यन्त महत्व भएको पिउने पानीको माग र आवश्यकता अनुरुप ठोस योजना नहुँदा ५०% जनताले खानेपानीको सुविधा प्राप्त गर्न सकेका छैनन्।
- अव्यवस्थित र अदुरदर्शी शहरीकरणको कारण नगरको आधारभुत सुविधा र सौन्दर्यको व्यवस्था गर्न कठिन रहेको। दोहोरो सवारी चल्न नसक्ने साघुँरा गल्ली र अग्ला घर चुनौती रहेको।
- ढल र वर्षातको पानी निकासाको व्यवस्थीत योजना र कार्यान्वयन चुनौती पूर्ण रहेको।

- जनसंख्याको अनुपातमा खुल्ला क्षेत्रको अभाव।
- नगरपालिकामा रहेको हरियाली क्षेत्र संरक्षण र सदुपयोग गर्ने योजनाको अभाव।
- आर्थिक गतिविधी बढाउने , रोजगार तथा आयस्रोत वृद्धी गर्ने पुर्वाधारको कमी।
- नगरपालिका भित्रको विकास योजनामा नगरवासीहरुको दायित्व वोध र अपनत्व वृद्धी गर्न नसकिएको।
- लक्षित वर्गको कार्यक्रमहरुलाई उद्धेश्य मुलक वनाउन नसकिएको।
- सरकारी(जिल्ला, केन्द्र) स्तरवाट संञ्चालित योजना कार्यान्वयन अत्यन्त ढिलासुस्ती र पारदर्शी नहुनु।
- नगरपालिकाको स्पष्ट भू-उपयोग नीतिको अभाव, जथाभावी जग्गा विकास र मापदण्ड विपरित प्लटिङ गर्ने समस्या।
- स्थानीय निकाय बाट प्रदान गरिने योजना, वजेट विनियोजन, दिगो विकासको लागी निर्दिष्ट लक्ष्य , उद्धेश्य र नगरको आवश्यकता भन्दा पहुँच, प्रभाव र हचुवाको भरमा गर्ने प्रवृत्ति हुनु।
- विगत २० वर्ष देखी निर्वाचन हुन नसकि कर्मचारीहरुको तर्फवाट स्थानीय निकाय संञ्चालन हुदै आएकाले सुशासनको प्रत्याभुती पुर्ण रुपमा हुन नसकेको।

**सबल पक्ष:-**

- उत्तरतर्फ अग्लो हरियाली ४ कि.मी लामो महाभारत पर्वतीय श्रृखंलाको सोभायामान सुन्दरता तथा हरियाली ग्रिन वेल्ट।
- हिन्दु, वौद्ध, र किराँत धर्मावलम्बीहरुको साझा आस्थाको केन्द्र, धार्मिक सहिष्णुताको अनुपम नमुना बूढानीलकण्ठ मन्दिर।
- काठमाण्डौको सभ्यता निर्माणमा महत्वपुर्ण योगदान दिने बाग्मती, विष्णुमती, रुद्रमती (धोविखोला) जस्ता नदीहरुको उद्गम स्थल तथा जलाधार क्षेत्र।
- काठमाण्डौ उपत्यकाको सबैभन्दा नजिकमा रहेको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज।
- नौलिङ्गेस्वरी भद्रकाली, कपन गढी, खड्ग भद्रकाली, चुन्निदेवी, पञ्चकन्या, गणेश, प्राचिन शिव मन्दिर , गुम्बाहरु आदी प्रसिद्ध दर्जनौ धार्मिक केन्द्रका
  अ




वस्थिति ।

- शिवपुरी बाबा, टोड्के बाबा लगायत विभिन्न योगी तपश्वीहरुको तपोभुमी योग साधनाका केन्द्रहरु / विपसना ।
- प्रत्येक वस्तिहरुमा बाटोको सञ्जाल ।
- उपत्यकाकै आवासीय क्षेत्रहरुमा पहिलो रोजाईमा आउने यस नगरपालिकामा लब्धप्रतिष्ठित व्यक्तित्वहरुको बसोबास भएको ।
- राष्ट्रिय निकुन्जको काखमा सन्तुलित र राम्रो हावापानी भएको क्षेत्र ।
- न्युरो हस्पिटल ।
- बूढानीलकण्ठ स्कुल लगायत सयौं विद्यालयहरु र शैक्षिक प्रतिष्ठानहरु सञ्चालन ।

**कमजोर पक्ष:-**

- भिरालो भुभाग भएको कारण माटो कटान, भुक्षय, पहिरो र नदी कटानले जनतालाई वढी दु:ख दिनु ।
- वस्ती विकास अनियन्त्रित र अवैज्ञानिक रुपले वृद्धि हुँदा शहरको सौन्दर्य कायम गर्न कठिन ।




- पिउने पानीको एकिकृत रुपमा स्रोतको सदुपयोग तथा व्यवस्थापन गर्न नसक्दा पिउने पानीको उपलब्ध गराउन नसक्नु ।
- विपद् व्यवस्थापन गर्न खुल्ला क्षेत्रको अभाव ।
- अधिकतम स्रोत परिचालनको अभाव ।
- स्थानीय विषय वस्तुमा अध्ययनको/ खोजीमा कमी ।
- सुविधा सम्पन्न स्वास्थ्य सेवा दिने अस्पतालको कमी ।
- पुराना मौलिक संस्कृतीको संर्वद्धनमा कमी ।
- नगरवासीहरुमा नगर विकास योजनामा विश्वास र अपनत्व पैदा गर्न नसक्नु ।
- सार्वजनिक नदी खोला अतिक्रमण नियन्त्रण गर्न नसक्नु ।
- बढ्दो जनसंख्याको चापले गर्दा बातावरण प्रदुषणमा बृद्धी र नगरबासीमा शान्ती सुरक्षाको प्रत्याभुती पूर्ण रुपमा हुन नसकेको ।

**अवसर :-**

- स्थानीय तह निर्माण पश्चात, नयाँ सोच, अधिकार र दायित्व सहितको निर्वाचित प्रतिनिधी वहालि भएको छ ।

- नगरवासीहरुमा नयाँ आशा अपेक्षा र जागरुकता वृद्धी भएको अवस्था छ।
- नगरपालिका भित्र रहेका धार्मिक मठ मन्दिर, ऐतिहासिक वस्तिहरुलाई जोड्ने धार्मिक सर्किट निर्माण गर्न सकिने।
- हरियाली शहरको रुपमा विकास गर्न सकिने।




- नगर निर्माणमा महिला, युवा, संघ संस्था र टोल समितिहरुको समुह क्रियाशिल र सहभागी हुन अग्रसर रहेका छन्।
- फुटबल, क्रिकेट, बास्केटबल, ह्यान्डबल, साइक्लिङ लगायत अन्य खेलहरुका मैदानले खेलकुद हब को रुपमा विकास गर्न सकिने।
- पहिलो रोजाईको आवासीय क्षेत्रको रुपमा विकास गर्न सकिने।
- आध्यात्मिक केन्द्रको (Spiritual Hub) रुपमा विकास गर्न सकिने।
- अव नगर विकासमा जुट्नै पर्ने चेतना नगरबासीमा बढ्नु।

**चूनौतीहरु :-**

- नयाँ संविधान, ऐन र नियमको प्रभावकारी निर्माण र कार्यान्वयनमा ढिलाई।
- विभिन्न तहका सरकारको प्रशासनिक जटिलता र योजना कार्यान्वयन क्षमता वृद्धि गर्नुपर्ने।
- नयाँ नगरपालिका भएकोले कर्मचारी संख्या र कार्य क्षमता वृद्धि गर्नुपर्ने

- नगरवासीहरुमा नगर विकास प्रतिको दायित्व वोध र अपनत्व विकास गर्नुपर्ने।
- साँघुरा गल्ली सडक र वस्तीका मुल सडकहरू विस्तार गर्ने समस्या।
- स्वच्छ पिउन पानीको मुहान खोजी गरी वितरण प्रणाली व्यवस्थापन गर्नु।
- भोगचलनमा रहेका सार्वजनिक जग्गा संरक्षण र सदुपयोग गर्ने कार्य।
- नगरपालिकाको १ देखी १३ वडा विच अन्तर सम्बन्ध, सहकार्य, चिनारी र आवत जावतको सडक सवारी सन्जाल स्थापित गर्नु।
- फोहोर व्यवस्थापन र वातावरण मैत्री शहर बनाउनु।

धन्यवाद

जय बूढानीलकण्ठ